**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
स्ट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
स्ट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचमैया क्वाडन्जु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631



# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन १९ गते सोमबार ❑ 4 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## जनसङ्गठनलाई विधान संशोधन प्रस्तावमा सुझाव दिन एमालेको निर्देशन

**रासस**
काठमाडौँ, १८ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आसन्न विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधनको प्रस्तावबारे यही साउनभित्र सुझाव दिन मातहतका कमिटी र जनसङ्गठनलाई निर्देशन दिएको छ। एमालेको यही साउन ५ र ६ गते सम्पन्न केन्द्रीय कमिटीको नवौँ बैठकको निर्णयका आधारमा तयार भएको विधान संशोधनको प्रस्तावमाथि लिखित सुझाव माग गरेको हो।

बैठकको निर्णयपछि अध्यक्ष केपी शर्मा ओलीले अन्तरपार्टी निर्देशन-१२ मा आगामी भदौ २०-२२ गते ललितपुरको गोदावरीमा हुने दोस्रो विधान महाधिवेशनमा प्रस्तुत हुने विधान संशोधन प्रस्तावमा तल्ला कमिटीका सुझाव माग गरिएको हो। केन्द्रीय कमिटीको निर्णय कार्यान्वयन र विधान महाधिवेशनको तयारीका सन्दर्भमा एमालेका २३ जनसङ्गठनका इन्चार्ज, अध्यक्ष र महासचिवलाई शनिबार आयोजित छलफलमा पार्टी नेतृत्वले आफ्नो सङ्गठनको सचिवालय बैठक गरी विधानबारे सुझाव तयार गर्न निर्देशन दिएको हो। जनसङ्गठन संयन्त्रका संयोजक भानुभक्त ढकालले केन्द्रीय कमिटीको निर्णय, सर्कुलर र विधान महाधिवेशनको तयारीका लागि सबै सङ्गठनमा एकरुप बुझाइका लागि पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री ओलीको उपस्थितिमा भएको बैठकले नीति र नेतृत्वका पक्षमा लाग्दै मिसन-२०८४ सफल तुल्याउन आग्रह गरिएको जानकारी दिनुभयो। सो अवसरमा अध्यक्ष ओलीले पार्टीभित्र सम्बन्धित कमिटीका पर्याप्त छलफल गर्न पाइने तर निर्णय भएको कुरा कार्यान्वयनमा कुनै कमजोरी हुन नहुने स्पष्ट गर्दै अनुशासनको पालनमा जोड दिनुभयो।

"सबै जनसङ्गठन पार्टीका अवयव हुन्। आफ्ना क्षेत्रमा जनाकर्षण बढाउने र सङ्गठन विस्तार गर्न यी सङ्गठन लाग्नुपर्छ। मिसन-२०८४ लाई सफल बनाउँदै एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन लाग्नुपर्छ", अध्यक्ष ओलीले भन्नुभयो, "हाम्रो जनसङ्गठन पार्टीको अहित र विपक्षमा जान सक्दैन। पार्टीको विरोध गर्ने सदस्य पार्टीको कार्यकर्ता होइन। व्यक्तिहरू स्वतन्त्र हुन्छन् तर सङ्गठनमा लागिसकेपछि कुन अधिकार कुन ठाउँमा प्रयोग गर्ने भन्ने बुझेर प्रयोग गर्नुपर्ने हुन्छ। अब हामी आन्तरिक मामिलामा नअल्मलिऔँ। विरोधीको सामना गरेर निर्णायक राष्ट्रिय शक्ति बन्न लागौँ।"

अध्यक्ष ओलीले संविधानको रक्षक र पालक तथा नेपाली सेनाको परमाधिपति भइसकेका पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको राजनीतिमा फर्कन नहुने पार्टीको बैठकले निर्णय गरिसकेकाले यस विषयमा अब बहस गर्नु निरर्थक हुने बताउनुभयो।

## पृथ्वीमानले पुर्‍याएको योगदान महत्वपूर्ण छः सभापति देउवा

**पोखरापत्र संवाददाता**
चितवन, १८ साउन

नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले स्व पृथ्वीमान गुरुङले पार्टीमा त्याग, समर्पण र बलिदानी दिएको बताउनुभएको छ। उहाँको नवौँ दिनको पुण्यतिथिका अवसरमा नेपाली काङ्ग्रेस चितवनले गुरुङको निवासमा आइतबार आयोजना गरेको श्रद्धाञ्जलि सभामा उहाँले गुरुङ निष्ठावान् नेता भएको बताउनुभयो।

गण्डकी प्रदेशका पूर्वप्रमुख एवं नेपाली काङ्ग्रेस चितवनका पूर्वसभापति गुरुङमा क्रान्तिकारीपन रहेको भन्दै सभापति देउवाले गुरुङले छोडेर गएका काम सबै मिलेर पूरा गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "उहाँ मेरो पुरानो साथी हो। उहाँले छोडेर गएका काम हामी सबै मिलेर गर्नुपर्छ।" जिल्लामा गुरुङले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको सभापति देउवाको भनाइ थियो।

सो अवसरमा नेपाली काङ्ग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठले राजनैतिक यात्रा सुरु गर्दै गर्दा विश्वेश्वरप्रसाद कोइरालाले गुरुङजस्ता युवा आफूहरूसँग भएको भन्दै तारिफ गरेको स्मरण गर्नुभयो। अबको निर्वाचनमा गठबन्धन नहुने भन्दै उहाँले सबै क्षेत्रमा काङ्ग्रेसले जित हासिल गरेर गुरुङप्रति सच्चा श्रद्धाञ्जलि अर्पण गर्नुपर्ने बताउनुभयो। नेपाली काङ्ग्रेसका पूर्वमहामन्त्री डा शशाङ्क कोइरालाले मृत्युपछि परिचय हुने गरेको भन्दै पृथ्वीमानको इतिहास लिपिबद्ध गराउन आग्रह गर्नुभयो। काङ्ग्रेस नेता मीन विश्वकर्माले गुरुङसँग काङ्ग्रेसको निष्ठावान् चित्र र चरित्र रहेको बताउनुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एक वर्ष आफूले सँगै काम गरेको स्मरण गर्दै गुरुङले आफूलाई नेता-कार्यकर्ताको शिर झुकाउन नपर्नेगरी काम गर्न सुझाव दिने गरेको बताउनुभयो। सो अवसरमा नेपाली काङ्ग्रेस चितवनका सभापति राजेश्वर खनालले पूर्वसभापति गुरुङको निधनपछि पार्टीले उहाँलाई योगदानको उच्च सम्मान व्यक्त गर्दै विभिन्न कार्यक्रम गरिरहेको बताउनुभयो। गुरुङको यही साउन १० गते निधन भएको थियो।

## पर्वतीय पर्यटनका पथप्रदर्शकलाई तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

नेपाल पर्वतारोहण सङ्घ, गण्डकी प्रदेश र नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको संयुक्त आयोजनामा पर्वतीय पर्यटनका पथप्रदर्शकका लागि आजदेखि पोखरामा छ दिवसीय तालिम सुरु गरिएको छ।

गण्डकी अल्पाइन क्लब र काठमाडौँ इन्भाइरोलमेन्टल एजुकेशन प्रोजेक्ट (किप)को प्राविधिक सहयोगमा 'जङ्गलमा प्राथमिक उपचार, नक्सा पठन, पहाडी पैदल यात्रा' विषयक छ दिवसीय तालिम सुरु गरिएको हो। नेपाल पर्वतारोहण सङ्घ



गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले तालिममा ३० जना पर्वतीय पर्यटनका पथप्रदर्शक सहभागी रहेका जनाउँदै उहाँहरूलाई सैद्धान्तिकसँगै विज्ञबाट अधिकतम प्रयोगात्मक सीप प्रदान गरिने बताउनुभयो।

पर्वतीय पर्यटनलाई व्यवस्थित, प्रभावकारी र समयसापेक्ष बनाउने उद्देश्यका साथ तालिम आयोजना गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो। सङ्घ गण्डकी प्रदेशका पूर्वअध्यक्ष शेषकान्त शर्माले पोखरामा रहनुभएका तीन हजार पर्वतीय पर्यटनका पथप्रदर्शकमध्येबाट ३० जना छनोट गरी यस किसिमको तालिम दिन लागिएको जानकारी दिनुभयो।

सङ्घको गण्डकी प्रदेशका सचिव मनशान्त घिमिरेले पर्वतीय पर्यटनमा जाने पथप्रदर्शकले प्राथमिक उपचार, नक्सा पठनलगायत अत्यावश्यक विषयमा प्रभावकारी ज्ञान हासिल गरेमा उहाँहरूले आफू र सँगै जाने पर्यटकलाई सम्भाव्य जोखिमबाट बचाउन सक्ने धारणा राख्नुभयो। उहाँका अनुसार तालिमअन्तर्गत सहभागीलाई स्थलगत रूपमा लगेर प्रयोगात्मक अभ्यास गराउने कार्यसूची रहेको छ।

## बैठकमा नेतृत्वको विकल्पबारे कुरा उठेको छैनः प्रवक्ता सापकोटा

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को स्थायी कमिटी बैठकमा अधिकांशले पार्टी नेतृत्वलाई सबल र सुदृढ बनाउनुपर्ने मत राख्नुभएको छ।

पार्टी उपाध्यक्ष तथा प्रवक्ता अग्निप्रसाद सापकोटाले पेरिसडाँडास्थित पार्टी केन्द्रीय कार्यालयमा शुक्रबारदेखि सुरु भएको बैठकमा हालसम्म पार्टी नेतृत्वमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को विकल्प खोज्नेबारे कसैले पनि मत नराखेको जानकारी दिनुभयो।

बैठकबारे पत्रकारलाई जानकारी गराउँदै उहाँ भन्नुभयो, "बैठकमा नेतृत्वको विकल्प खोज्नेबारे कसैले पनि बोल्नुभएको छैन, बरु स्थायी कमिटीका अधिकांश सदस्यले तत्काल नेतृत्वको विकल्प खोज्ने बेला नभएको धारणा राखेका छन्, पार्टी उपमहासचिव जनार्दन शर्माले पनि नेतृत्वको सम्बन्धमा खासै कुरा गर्नुभएन। सबैले नेतृत्वलाई सबल, सुदृढ गर्नुपर्छ भन्नुभएको छ।"

शुक्रबारदेखि सुरु भएको स्थायी कमिटी बैठक सोमबार पनि जारी रहने प्रवक्ता सापकोटाले जानकारी दिनुभयो। शनिबार र आज धेरैजसो स्थायी कमिटी सदस्य र पदाधिकारीले धारणा राखिसकेकाले सोमबार वरिष्ठ उपाध्यक्ष, महासचिव र अध्यक्षले बोल्नुहुने उहाँले बताउनुभयो।

## दुई दिने गेन्स महोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १८ साउन

गण्डकी एकेडेमी अफ इन्टरडिसिप्लिनरी स्टडिज (गेन्स) कलेजको आयोजनामा दुई दिने गेन्स महोत्सव शनिवार एक कार्यक्रम गरि पुरस्कार वितरण गरियो। उक्त कार्यक्रममा फुटसल, सोसल मिडिया प्रतियोगिता, कविता लेखन प्रतियोगिता, आर्ट प्रतियोगिता र पज्जी प्रतियोगिताका विजेताहरुलाई समेत नगद, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो।

प्रतियोगितामा विजेता टिम तथा प्रतियोगीहरुलाई हिसानका केन्द्रिय उपाध्यक्ष बाबुराम पन्त, सह प्राध्यापक कमलराज सापकोटा, प्रा.डा विकास केसी, हिसान गण्डकीका सल्लाहकार डोलराज पाण्डे, त्रिभुवन शर्मा, हिसान गण्डकीका अध्यक्ष डा. रामजी शर्मा, हिसान कास्कीका अध्यक्ष दिवाकर जैशी, हिसान कास्कीका विकास पाहारीलगायतले नगद, ट्रफी, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। गेन्स कलेजका




प्रबन्ध निर्देशक विजय आनन्द तिमिल्सिनाको अध्यक्षतामा भएको समापन कार्यक्रममा आफ्ना भनाई राख्दै हिसान उपाध्यक्ष पन्तले स्थापनाको छोटो अवधिमा नै कलेजले यस प्रकारका महत्वपूर्ण कार्यक्रम आयोजना गरी विद्यार्थीहरु भित्र रहेको प्रतिभा प्रस्फुटन गराउनु सन्हानिय कार्य रहेको बताए।

गेन्स महोत्सव अन्तर्गत मुख्य प्रतियोगिता फुटसलमा दाजुभाइ च्याम्पियन भएको छ. शनिवार भएको अन्तिम प्रतिस्पर्धामा दाजुभाइ समुहले एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै एचपिसी च्याम्पिन बनेको हो। जितका लागि एक मात्र गोल सशांक रानाले गरेका थिए। च्याम्पियन भएको दाजुभाइले नगद ३० हजारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र हात पार्दा दोस्रो हुने एफसीले नगद १५ हजार प्राप्त गरेको छ।

प्रतियोगितामा दाजुभाइ एफसीका मिलन नेपाली उत्कृष्ट खेलाडी बने भने सोही टिमका सुमन जिशीले ६ गोल गर्दै सर्वाधिक गोलकर्ता बने। त्यस्तै एचपिसी आकाश सारु उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलकिपर सोही टिमका सन्जिव गुरुङ बने। उनीहरुलाई ट्रफी तथा प्रमाणपत्र प्रदान गरिएको थियो। सो प्रतियोगितामा १२ कक्षा दिएर बसेका विभिन्न विद्यालयका २० टिमको सहभागिता रहेको फुटसाल संयोजक समित गौतमले जानकारी दिए। त्यस्तै गरि कविता बाचन प्रतियोगीताका संयोजक निशा सुवेदीका अनुसार सन्दिप चापागाई प्रथम स्थान हासिल गर्दा अनामिका गुरुङ र पवित्रा रेग्मी क्रमसः दित्तीय र तृतीय स्थान प्राप्त गरे। उनीहरुले क्रमसः पाँच हजार, तिन हजार र पन्द्र सय नगत सहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरे। पज्जी खेलका संयोजक आसिस गैरे, अस्मिक पराजुली र स्मृति पराजुलीका अनुसार पज्जी मा भोर्टेक्स इस्पोर्ट्स, फ्रोजन इस्पोर्ट्स र उत्तम दाई इस्पोर्ट्स ले क्रमसः प्रथम, दित्तीय, तृतीय स्थान प्राप्त गरे। उनीहरुले सोह्र हजार, आठ हजार, र चार हजार नगत सहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गरे। सुदुर पश्चिम विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गेन्स कलेज पोखरा नदिपुरमा अवस्थित रहेको छ। एक वर्ष अघि मात्रै स्थापना भएको सो कलेजमा बिबिए, एमबिए, बिएसएसआइटी विषयमा अध्ययन अध्यापन हुँदै आएको छ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ ह.नि.पो.द.नं. ०१/०७९/०८०


# जनप्रिय क्याम्पसमा प्राध्यापकहरूको क्षमता अभिवृद्धि तालिम सुरु

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन



प्राध्यापकहरूको क्षमता अभिवृद्धिको उद्देश्यका साथ जनप्रिय बहुमुखी क्याम्पस, पोखरामा ६ दिने तालिम सुरु भएको छ । विश्वविद्यालय अनुदान आयोग (यूजिसी) को सहयोग र जनप्रिय बहुमुखी क्याम्पसको आयोजनामा सुरु भएको यस तालिमको उद्घाटन ग्न्ऋ का अध्यक्ष प्रा.डा. देवराज अधिकारीले गर्नुभयो ।

तालिमको उद्घाटन गर्दै अध्यक्ष अधिकारीले यस्ता तालिमले प्राध्यापकहरूको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरा बताउनुभयो । उहाँले अब सबै क्याम्पसका लागि क्यूएए अनिवार्य रहेको जानकारी पनि दिनुभयो । अध्यक्ष अधिकारीका अनुसार विश्वविद्यालय अनुदान आयोगले 'क्रेडिट ट्रान्सफर' निर्देशिका निर्माण गरी अगाडि बढ्ने र विदेशी विश्वविद्यालयहरूसँग समकक्षता प्रदान गर्नेसम्मको तयारी गरेको छ । जनप्रिय बहुमुखी क्याम्पसको सञ्चालक समितिका अध्यक्ष बिरेन्द्र नारायण बिजुक्छेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अध्यक्ष बिजुक्छेले यस्तो तालिमले प्राध्यापकहरूको क्षमता वृद्धिमा सहयोग पुग्ने कुरामा जोड दिनुभयो । कार्यक्रममा यूजिसी का प्राविधिक सल्लाहकार प्रा.डा. हृदयरत्न वज्राचार्यले प्रविधि र शिक्षाका बारेमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो। प्राध्यापक डाक्टर पेशल दाहालले तालिमको महत्त्वमाथि प्रकाश पार्दै अनुशिक्षण दिनुभयो । क्याम्पस प्रमुख कृष्णबाबु बरालले कार्यक्रममा उपस्थित सबैलाई स्वागत गर्दै तालिमको महत्त्वबारे प्रकाश पार्नुभयो । ६ दिनसम्म चल्ने यस तालिममा ११ वटा क्याम्पसका प्राध्यापकहरू सहभागी भएका छन् । जसमा जनप्रिय बहुमुखी क्याम्पस, पोखरा बहुमुखी क्याम्पस, गुप्तेश्वर बहुमुखी क्याम्पस, आदिकवि भानुभक्त क्याम्पस (तनहुँ), गलकोट बहुमुखी क्याम्पस (बाग्लुङ), म्याग्दी बहुमुखी क्याम्पस (म्याग्दी), मर्स्याङ्दी बहुमुखी क्याम्पस (लमजुङ), द्रोणशाह बहुमुखी क्याम्पस (गोर्खा), कालिका बहुमुखी क्याम्पस (पोखरा), कन्या बहुमुखी क्याम्पस (पोखरा) र जनज्योति बहुमुखी क्याम्पस (तनहुँ) लगायतका क्याम्पसहरूबाट प्राध्यापकहरू सामेल भएका छन् ।

तालिम सञ्चालनको संयोजन तालिम युनिटका सदस्य राजेन्द्र पौडेलले गर्नुभएको थियो। यस्तै, ट्रेनिङ युनिटका सदस्य यम बरालले प्रविधिका विषयमा र डा. पितृराज बास्तोलाले तालिमको कार्यविधिबारे जानकारी दिनुभएको थियो । तालिममा सहभागी प्राध्यापकहरूलाई विभिन्न समूहमा विभाजन गरी पूर्ण प्रविधिको प्रयोग गरी तालिम दिइएको छ । सहभागीहरूले आफ्नो समूहबाट सिकेका कुराहरूलाई समूहमा प्रस्तुत पनि गरेका थिए । साउन १८ गतेदेखि सुरु भएको यो तालिम ६ दिनपछि समापन हुनेछ ।

# कालीगण्डकीको बहाब यस वर्षकै उच्च विन्दुमा, शालिग्राम शिला डुबानमा

पोखरापत्र संवाददाता
पर्वत, १८ साउन



लगातारको वर्षाका कारण कालीगण्डकी नदीको बहाब उच्च विन्दुमा पुगेको छ ।

मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वतमा परेको अत्यधिक वर्षाका कारण नदीको सतह बढेको हो । आज बिहान यस वर्षयताकै उच्च विन्दुमा नदीको सतह पुगेको कालीगण्डकी नदीमा पानीको बहाब उच्च भएको गेजरिडर कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । उहाँले बिहानदेखि नदीको सतहदेखि छ मिटर ४० सेन्टिमिटरको उचाइमा बहाब भइरहेको बताउनुभयो । यो यस वर्षकै सबैभन्दा बढी मापन हो । यसअघि आज विहान सात दशमलब ४० मिटरको विन्दुसम्म पुगेको थियो । वर्षा रोकिएकाले बहाब घट्दै जाने सम्भावना रहेको उहाँले बताउनुभयो । कालीगण्डकी नदीको बहाब बढेपछि तटीय क्षेत्रका बासिन्दा जोखिममा परेका छन् । पर्वतको जलजला गाउँपालिकाको बगरफाँट, वारीबेनी, मिलनचोक, लस्ती, खनियाँघाट, कुश्मा नगरपालिकाको मालढुङ्गा, नयाँपुल, मोदीवेणी, फलेवास नगरपालिकाको जैमिनीघाट र विहादी गाउँपालिकाको सेतीवेणीबजार उच्च जोखिममा परेका हुन् । बहाबले पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा अवस्थित विश्वकै ठूलो शालिग्राम शिलासमेत डुबानमा परेको छ ।

शिला डुबानमा परेसँगै उक्त क्षेत्रमा कार्यरत पुजारी तथा पण्डितसमेत चिन्तित बनेका छन् । प्रवित्र शालिग्राम शिला र शालिग्राम क्षेत्रका सत्तललगायतका सबै संरचना डुबाएको तिलक पराजुलीले जानकारी दिनुभयो । शिला संरक्षणका लागि बनाएको तटबन्ध र ग्याबियन समेत पानीले पुरिएपछि शिलामा दर्शन गर्न जाने पूर्वाधार पनि पूर्ण रूपमा क्षति पुगेको उहाँले बताउनुभयो ।

कालीगण्डएकी 'ए' जलविद्युत् आयोजनाको बाँधका कारण बाढी आउँदा पर्वत, स्याङ्जा र गुल्मीको सिमानामा पर्ने सेतीवेणीबजार डुबानको खतरामा पर्ने गरेको हो । बाँधका सबै ढोका भने खोलिएका छन् । कालीगण्डकी र सेतीखोलाको बहाब बढेसँगै सेतीवेणीबजार डुबानमा पर्ने चिन्ताले पर्वतमा पर्ने बजार क्षेत्र र स्याङ्जातर्फको बजार क्षेत्रका झण्डै दुई सय व्यापारी तथा सर्वसाधरण जोखिममा परेका छन् । विगत १६ वर्षअघि कालीगण्डकी र सेतीखोला उर्लेर आउँदा तीन दर्जन घरपरिवार विस्थापित बनेका थिए । विसं २०६६ असोज २१ मा बजार क्षेत्र नै डुबानमा परेको घटनाले उनीहरूमा सधैंभर त्रास थप्ने गरेको स्थानीय व्यावसायी विष्णु न्यौपानेले बताउनुभयो । उहाँले विश्वकै ठूलो शालिग्राम शिला डुबेको तर बजारसम्म भने आइनसकेको जानकारी दिनुभयो ।

# अन्नपूर्ण केवलकार लिमिटेडलाई श्रम कार्यालय पोखराबाट गण्डकी प्रदेशको उत्कृष्टताको प्रशंसा पत्र

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन



व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यबस्थापन र कार्यान्वयनमा उत्कृष्ट भएको भन्दै अन्नपुर्ण केवलकार लिमिटेडलाई श्रम कार्यालय पोखराले सम्मान गरेको छ ।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम तथा रोजगार कार्यालय पोखराले अन्नपुर्ण केवलकार लिमिटेडलाई प्रशंसा पत्र प्रदान गर्दै हालै सम्मान गरेको हो । गण्डकी प्रदेश भित्रका जिल्ला स्तरीय प्रतिष्ठान र उद्योगहरुको आर्थिक बर्ष २०८१/८२ मा गरिएको अनुगमन तथा निरीक्षणका क्रममा अन्नपुर्ण केवलकार लिमिटेडले श्रम ऐन २०७४ र श्रम नियमावली २०७५ बमोजिम व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन र कार्यान्वयनमा उत्कृष्ट देखिएको कार्यालयले प्रदान गरेको प्रशंसा पत्रमा उल्लेख गरिएको छ ।

श्रम कार्यालय पोखराका बरिष्ठ श्रम अधिकृत सुरेश ढकाल, कारखाना निरीक्षक इश्वरमणि भण्डारी लगायतले उक्त प्रशंसा पत्र अन्नपूर्ण केवलकार लिमिटेडका जनरल म्यानेजर दिनेश पौडेललाई हस्तान्तरण गर्नु भएको हो । यसअघि पनि श्रम सुरक्षा तथा स्वास्थ्य व्यवस्थापन प्रवर्द्धनका लागि देशभरका प्रतिष्ठानहरुलाई श्रम कार्यालयले प्रशंसा पत्र प्रदान गर्दै आएको छ । अन्नपुर्ण केवलकारलाई यसपालि गण्डकी प्रदेशमा उत्कृष्ट मानिएको कार्यालयले जनाएको छ ।

२०७९ देखि पोखरामा नयाँ पर्यटकीय गन्तव्यको रुपमा व्यवसायिक रुपमा केवलकार सेवा सुरु गरेको थियो । सेदीबगरदेखि सराङ्कोटसम्म २ किलोमिटर २ सय मिटरको उक्त दुरी पार गर्न १० मिनेट लाग्ने छ । अन्नपूर्ण केवलकारबाट फेवाताल, ताल बराही र सिंगो पोखरा उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ भने सराङकोटबाट सूर्योदय तथा सूर्यास्तको लागि पनि केवलकार प्रयोग हुने गरेको छ ।

छोटो अवधिमै हजारौं यात्रुहरुलाई दृश्यावलोकन र मनोरञ्जन सहित सन्तुष्ट बनाउन सफल भएको जनरल म्यानेजर पौडेलले बताउनु भयो ।

त्यसै गरी सराङकोट धाममा रहेको ५१ फिट अग्लो गणेशको मुर्ति दर्शनको लागि हरेक मंगलबार नेपालीलाई २० प्रतिशत छुट, सराङकोट धाममा हरेक सोमबार महाआरती हुने हुँदा साँझ ४ बजे पछि यात्रुहरुको लागि २ सय ५० रुपैयामा केवलकारको यात्रा हुने भएको छ ।

# स्याङ्जाको आनन्द आश्रममा साहित्यिक गोष्ठी

पोखरापत्र संवाददाता
पोखरा, १८ साउन



स्याङ्जाको आँधिखोला- ६ फापरथुमस्थित आनन्द आश्रम ज्ञान केन्द्रले साहित्यिक तथा वैचारिक गोष्ठी सम्पन्न गरेको छ ।

गोष्ठीको उद्घाटन गर्दै फेदीखोला साहित्य प्रतिष्ठानका अध्यक्ष हिमाल जंग बानियाँले साहित्य लेखन र कलाले मानव जीवनलाई सुसंस्कृत र सभ्य बनाउने बताउनुभयो । उहाँले आनन्द आश्रमले थालेको साहित्यिक अभियानले ग्रामीण समाजलाई समेत सभ्य र उन्नत बनाएको बताउनुभयो ।

साहित्यकार दिवाकर सुवेदीले नियमित रूपमा हुने यस्ता कार्यक्रमले साहित्यिक ज्ञानलाई थप विशाल बनाएको अनुभव सुनाउनुभयो । आनन्द आश्रम ज्ञान केन्द्रका वरिष्ठ सल्लाहकार टिकाराम ढकालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक संरक्षक त्रिलोचन ढकाल, डा. ऋषिराम ढकाल, टिकाराम ढकाल 'वनपाले', सविन जिटी, रिदम ढकाल, सूर्य जिटी, विनिता जिटी, प्रद्युम्न पनेरु माविका छात्रा शिखा सुनार लगायतकाले रचना वाचन सहित आनन्द आश्रमले संचालन गर्ने गतिविधि र भावी योजनाका बारेमा जानकारी गराएका थिए ।

सो अवसरमा पण्डित आनन्द मणिले त्यस क्षेत्रको शैक्षिक विकासमा पुऱ्याउनु भएको योगदानको चर्चा गरिएको थियो । संस्थाका सदस्य सह प्राध्यापक शारदा शर्माले स्वागत सहित कार्यक्रम संचालन गर्नुभएको थियो ।

# 'यार्तुङ' मेलामा घोडा दौड मुख्य आकर्षण

पोखरापत्र संवाददाता
मुस्ताङ, १८ साउन

वारागुङ मुक्तिक्षेत्र–१ स्थित मुक्तिनाथ पुराङ रानीपौवामा बर्सेनि मनाइने ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक ग्रान्ड 'यार्तुङ' मेलाको तयारी गरिएको छ । यहाँको जनप्रिय युवा क्लबले यार्तुङ मेला सम्बन्धी जानकारी दिएको हो ।

जनप्रिय युवा क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीको अध्यक्षतामा आयोजित कार्यक्रममा वारागुङ मुक्तिक्षेत्र–१ का वडाध्यक्ष प्रमेश गुरुङ र मुक्तिनाथस्थित पुराङ रानीपौवाका गाउँ मुखिया ग्याल्चेन गुरुङ उपस्थित हुनुहुन्थ्यो । यार्तुङ पर्व अर्थात् मेलालाई विगतका वर्षहरू झैं भव्य र सभ्य रूपमा सञ्चालन गर्न विभिन्न समिति र उपसमिति गठन गरिएका छन् ।

सदियौं वर्षदेखि निरन्तर चल्दै आइरहेको हिमाली संस्कृति यार्तुङ पर्वलाई मेलाका रूपमा सञ्चालन गर्न डेढ दशकदेखि जनप्रिय युवा क्लब सक्रिय रहँदै आइरहेको क्लबका अध्यक्ष ठकुरीले जानकारी दिनुभयो । पछिल्लो समय यहाँका युवा बढी मात्रामा विदेश पलायन भइरहेको अवस्थामा यहाँका परम्परा र संस्कृति धान्नसमेत समस्या र चुनौतीहरू देखा पर्न थालेको उहाँले उल्लेख गर्नुभयो । संस्कृति जीवित रहे मात्रै हिमाली क्षेत्रको मौलिकता संरक्षण हुने र यहाँको संस्कृति तथा पहिचान जोगाउन क्लबले यार्तुङ मेलाका रूपमा विभिन्न सृजनात्मक कार्यक्रमहरू समावेश गर्दै आइरहेको छ ।

यसपालिकाको यार्तुङ मेलामा घोडा दौड प्रतियोगिता र कदम घोडा दौड प्रतियोगिता मुख्य आकर्षण रहेका छन् । यार्तुङ घोडा दौड प्रतियोगितामा छिमेकी जिल्ला मनाङ–डोल्पादेखि उपल्लो मुस्ताङ र तल्लो मुस्ताङका घोडा राइडरहरूले सहभागिता जनाउने अध्यक्ष ठकुरीले बताउनुभयो । यार्तुङ मेलामा प्रथम हुने कदम घोडा राइडरलाई रु एक लाख ५० हजार प्रदान गरिने छ । कदम घोडा दौड प्रतियोगितको दोस्रो हुने कदम घोडा राइडरलाई रु ८० हजार र तेस्रो हुने कदम घोडा राइडरलाई रु ५० हजारसहित पुरस्कृत गरिने छ ।

कदम घोडा दौड प्रतियोगितामा अन्तर्गत घोडाको उत्कृष्ट साजसज्जातर्फ रु २५ हजार, घोडा राइडरको उत्कृष्ट मौलिक वेशभूषातर्फ रु २५ हजार, घोडा चढेर उत्कृष्ट धनुषबाण प्रहार गर्नेलाई रु २५ हजार र घोडा चढेर सबैभन्दा धेरै जमिनमा राखिएको खाता टिप्ने राइडरलाई रु २५ हजार पुरस्कारसहित सम्मान गरिने क्लबले जनाएको छ ।

लामो दूरीको यार्तुङ घोडा दौडमा प्रथम हुने घोडा राइडरले रु ७० हजार, दोस्रो हुनेले रु ४० हजार र तेस्रो हुनेले रु ३० हजार पुरस्कारसहित प्रमाणपत्र पाउने छन् । यार्तुङ मेलामा सेभेन ए साइड फुटबल, तारा खेल प्रतियोगिता हुनेछ । यार्तुङ मेलाको दौरानमा नेपालका ख्यातिप्राप्त कलाकारहरूद्वारा साङ्गीतिक प्रस्तुति रहने छ ।

हिमाली क्षेत्रको महत्वपूर्ण पर्व यार्तुङ बर्खायामको समाप्तिपछि मनाइने एक प्रकारको सांस्कृतिक पर्व भएको वडाध्यक्ष गुरुङ भनाइ छ । यारको अर्थ बर्खा र तुङको अर्थ समाप्ति भन्ने बुझिन्छ । खेतीपातीको कामकाज सकेर मनाई यस प्रकारको पर्वलाई यार्तुङ पर्व भन्ने गरिएको वडाध्यक्ष गुरुङको भनाइ छ । यहाँको धर्म, संस्कृति र मौलिकतालाई संरक्षण गर्न सके मात्रै पर्यटन प्रवर्द्धनमा समेत योगदान पुऱ्याउन सकिने बताउनुभयो ।

गाउँ मुखिया ग्याल्चेन गुरुङले यहाँको यार्तुङ पर्वको तयारीका लागि सरसफाइ र साजसज्जामा जोड दिएको बताउनुभयो । गाउँ मुखिया गुरुङले गाउँमा भएका युवा वैदेशिक रोजगारमा पलायन भएकाले परम्परा धान्न मुस्किल परेको बताउनुभयो । मुक्तिनाथमा मनाइने यार्तुङ जिल्लाकै ग्रान्ड यार्तुङ भएकाले यसको महत्व बढी भएको उल्लेख गर्नुभयो ।

# पृथ्वीराजमार्गको ऐनापहरामा बस दुर्घटना

रासस
दमौली, १८ साउन

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरामा बस दुर्घटना भएको छ । गोरखाबाट नारायणगढतर्फ जाँदै गरेको ग २ ख १०७७ नं को बस आइतबार दिउँसो सडकबाट तल खसेर दुर्घटना भएको हो ।

इलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीले दुर्घटनामा घाइते पाँच जनाको उद्धार गरी उपचारका लागि आँबुखैरेनी अस्पताल पठाइएको बताउनुभयो । मर्स्याङ्दी नदीको माथिल्लो भागमा बस अड्किएको छ । बस तान्नका लागि क्रेन मगाइएको र दुर्घटनाबारे विस्तृत विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# सुनको कचौरा लिएर सधैं मागिरहने

प्राकृतिक स्रोत र साधनले धनी भएर पनि व्यवस्थापकीय कमजोरीका कारण नेपाल लगायत केही देश गरिब छन । प्राकृतिक स्रोत र साधनमा सम्पन्न नेपाल गरिब मुलुक भएर रहनु परेको छ । सुनको कचौरा लिएर माग्ने अवस्थाबाट मुक्त हुनुपर्ने हो।माल पाएर चाल नपाउँदा गरिबमा गनिने अवस्थाबाट मुक्त भएर विकाशील देशमा जान धेरै ढीलो भएको छ। सन् १९७१ देखि नेपाल अति कम विकसित राष्ट्रको सूचीमा परेको छ । गरिब राष्ट्रको अध्यक्ष बन्न नेपाललाई सुहाउने कुरा थिएन तर परिस्थिति अनुकूल नहुँदा लामो समयसम्म गरिबीको पीडा बोक्न नेपाल बाध्य भएको छ । अब यो पीडाबाट मुक्त हुने दिन नजिकिएको छ । संयुक्त राष्ट्रसङ्घले आउँदो वर्ष सन् २०२६ को नोभेम्बर २४ मा नेपाललाई अतिकम विकसित मुलुकको सूचीबाट हटाएर विकासशील मुलुकमा स्तरोन्नति गर्दै छ।

यो नेपाल र नेपालीका लागि खुसीको खबर हो । विकासशील मुलुक बन्न नेपालले अहिलेसम्म गरेको तयारी र विकास गरेको पूर्वाधारले आशावादी बनाएको छ । विकासशील राष्ट्रमा स्तरोन्नति भएपछि नेपालले अहिलेभन्दा स्वाभिमानका लागि धेरै मेहनत गर्नु पर्छ । त्यसका लागि सबै क्षेत्रको सकारात्मक सहयोग अपेक्षित छ । नेपाल विकासशील राष्ट्रको समूहमा स्तरोन्नति भएपछिको चुनौती सामना गर्न पर्याप्त पूर्वतयारी गर्नुपर्छ । स्तरोन्नतिसँगै दिगो विकास गन्तव्यलाई ध्यानमा राखेर नेपालले तयारी गरिरहेको छ । राष्ट्रिय सभा बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिले 'नेपालको अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८१' माथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी कूटनीतिमार्फत वैदेशिक सम्बन्ध थप सुदृढ गर्ने प्रयास भएको जानकारी गराएका छन ।

सरकारले स्तरोन्नतिका साथसाथै अति कम विकसित राष्ट्रका रूपमा प्राप्त सुविधा जारी राख्न वार्ता र पहल जारी राखेको छ । स्तरोन्नतिपछि ऋणको ब्याजदर बढ्न नदिने प्रयास जारी छ । धेरै आत्तिनुपर्ने अवस्था छैन । यद्यपि स्तरोन्नतिका कारण नेपालले उपभोग गर्दै आएको विकास सहायता र अनुदानमा कमी, अन्तर्राष्ट्रिय ऋणमा उच्च ब्याजदर तथा व्यापार सुविधा घट्न सक्ने समितिले प्रतिवेदनमा औँल्याइएको छ । अनुदान दिने राष्ट्रसँगको द्विपक्षीय सम्बन्धको विषय भएको कारण अरू कसैले किन दिएको भन्न मिल्दैन । मित्रराष्ट्रले चाहेको अवस्थामा अनुदान दिन नपाउने अवस्था रहन्न । विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा केही कानुन खारेज गर्नुपर्ने, केही संशोधन गर्ने र केही नयाँ कानुन बनाउनुपर्ने हुँदा यसका लागि सरकारले प्रक्रिया अगाडि बढाइएको छ। संसद्को जारी अधिवेशनमा नै सरकारले धेरै कानुन बनाएको छ । अझै केही कानुन निर्माणको चरणमा छन् । विकासशील राष्ट्रमा स्तरोन्नति हुनु सबै नेपालीका लागि गौरवको विषय हो । नेपालले समान सार्वभौमिकता र सार्वभौम समानकै सिद्धान्तमा रहेर अहिले पनि विकास अनुदान र सहायता लिँदै आएको छ । अब विश्व व्यापार संगठन, संयुक्त राष्ट्रसङ्घ, विश्व बैङ्कलगायतले अति कम विकसित राष्ट्रको हैसियतमा दिने सुविधामा कमी आउन सक्छ तर विकासशील राष्ट्र भएपछि बढ्ने स्वाभिमान र आत्मविश्वासले आफैँ सक्षम बन्न सहयोग पुऱ्याउन सक्छ ।

सन् २०२० मा विश्व बैङ्कले न्यून आय भएको राष्ट्रको समूहबाट नेपाललाई न्यून मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति गरेको थियो । स्तरोन्नति हुन प्रतिव्यक्ति कुल राष्ट्रिय आय, मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क गरी तीन वटा सर्त राखिएका छन् । समितिले आफ्नो प्रतिवेदनमा प्रतिव्यक्ति कुल राष्ट्रिय आयबाहेकका दुई वटा सर्त पूरा गरेर नेपालको स्तरोन्नति हुने जनाएको छ। प्रतिव्यक्ति कुल राष्ट्रिय आयसमेत पछिल्ला वर्षमा बढेर एक हजार चार सय अमेरिकी डलर पुगेको छ । संयुक्त राष्ट्रसङ्घले सन् २०१५, २०१८ र २०२१ मा मूल्याङ्कन गर्दा प्रतिव्यक्ति आयसम्बन्धी सर्त पूरा भएको थिएन । भूकम्प, कोरोना महामारी, बाढी, पहिरोले ल्याएको विनाशले नेपालको विकासलाई क्षति पुऱ्याए पनि अहिलेको सुधारको अवस्थामा आउनु ठुलो र प्रेरणादायी विषय हो । भूकम्पले नौ लाख घर, हजारौँ विद्यालय भत्किए । नौ हजारभन्दा बढी व्यक्तिको ज्यान लियो । यस्तो विनाशकारी क्षतिबाट अगाडि बढेर अहिलेको अवस्थामा आउनु नेपालको सक्षम पुनरुत्थानलाई विश्वले उदाहरणका रूपमा लिएको छ । अतः विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा नेपालको अन्तर्राष्ट्रिय छवि राम्रो हुने भएकाले यसलाई अवसरका रूपमा उपयोग गर्न सबैले सिर्जनशील कर्म गर्नु पर्छ । हिजोको मानसिकताबाट माथि उठेर नयाँ अवसर लिन हरदम लागिरहनु आवश्यक छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्लास्टिकजन्य फोहरले बुकीपाटन कुरुप बन्ने खतरा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ साउन

तीन वर्ष अगाडिसम्म ढोरपाटनको बुकीपाटन क्षेत्रमा गोठाला र वस्तुभाउबाहेक कोही जाँदैनथे । पाटनैभरि वनफूल फुल्थे । वस्तुभाउ चर्दै पुग्ने ठाउँसम्म गोबर भेटिन्थ्यो । तर अहिले बुकीपाटनमा पर्यटकको आकर्षण बढेको छ ।

गत वर्षदेखि ढोरपाटन पुगेका आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन उक्लिन थालेपछि पहिले वनफूल र गोबर भेटिने ठाउँमा अहिले प्लास्टिक र सिसा भेटिन थालेका छन् । फुमफिरका गर्न आएका पर्यटकले यत्रतत्र फोहर फाल्दा बुकीपाटन कुरुप बन्ने जोखिम बढेको छ ।

ढोरपाटन नगरपालिका-९ पाखाथरदेखि उकालो लागेपछि पदमार्गका छेउछाउ, कोल्सा, डाँडा, खोला र बुकीपाटनसम्मै बिस्कुट, चाउचाउका प्लास्टिक, सिसा, रेडबुल र पानीका बोत्तल छरपस्ट भेटिन्छन् । पर्यटन तथा उद्योग कार्यालय बागलुङ र ढोरपाटन सिकार आरक्षले पदमार्गको ठाउँठाउँमा फोहर फाल्ने खाडल बनाए पनि त्यसको प्रयोग कमै भएको छ। बुकीपाटनमा सिरसिर सिरेटो चलिराख्ने हुँदा एक ठाउँ फालेको फोहर उडाएर टाढाटाढा पुऱ्याउने गरेको छ । बुकीपाटनमा अधिकांश पर्यटकले प्लास्टिकजन्य सामग्री बोकेर जाने प्रयोग भइसकेपछि उतै फ्याँकेर फर्किने गरेको स्थानीय गोठाला लोकबहादुर विश्वकर्माले बताउनुभयो । जथाभावी रूपमा फालेको प्लास्टिक घाँससँग वस्तुभाउले खाँदा बिरामी परेको उहाँको भनाइ छ । बिरामी वस्तुभाउको गोबरमै प्लास्टिकका टुक्रा फेला पर्ने विश्वकर्माले सुनाउनुभयो । प्लास्टिक खाएर आफ्ना तीनवटा भेडा मरेको उहाँले गुनासो पोख्नुभयो । "पहिला लेकमा गोठालामात्रै हुन्थ्यौँ, बाहिरी मान्छे आउँदैनथे, गाठालाले खासै प्लास्टिक ल्याउँदैनथे, अहिले त बुकीको ठाउँठाउँमा जता पनि कागज भेटिन्छन्", उहाँले भन्नुभयो, "उनीहरुले बोकेर आउने चाउचाउ, बिस्कुटको प्लास्टिक सबै यही फालेर जान्छन्, त्यो प्लास्टिक खाएर हाम्रो पशुचौपाय बिरामी पर्छन्, केही दिन अगाडि तीन भेडा मरे, मरेका भेडाको गोबरमा बिस्कुटबाहिरको प्लाष्टिक भेटियो ।" उपत्यकादेखि बुकीपाटन जाने पर्यटकका लागि अहिलेसम्म कुनै पनि मापदण्ड बनाइएको छैन । पर्यटकले आफूलाई मन लागे जतिको समान बुकीपाटन लिएर जाने गर्छन् ।

यस वर्ष माथिल्लो क्षेत्रमा धेरै प्लास्टिकजन्य फोहर थुप्रिन थालेको ढोरपाटन उपत्यकाका होटल व्यवसायी धिरेन्द्र घर्तीमगरले बताउनुभयो । गर्पाछेडा, टीकाधारा, फुर्से देउराली, फागुनेलगायतका बुकीपाटन क्षेत्रमा जाने पर्यटकले होटलबाटसमेत वियर, रमलगायतका पेयपदार्थ बोकेर जाने गरेको भन्दै त्यसको सिसा उतै फ्याँकेर आउने गरेको उहाँको भनाइ छ । घर्तीमगरले भन्नुभयो, "सिकार आरक्ष अथवा नगरपालिकाले बुकीपाटन जानका लागि एउटा मापदण्ड बनाउनुपर्ने देखियो, यही हिसाबले बुकीपाटनमा फोहर बढ्दै गयो भने त यसको असर खतरनाक हुनसक्छ, भोलि त्यस क्षेत्रमा फुल्ने फूल, घाँस र जीवजन्तुलाई असर पुग्छ, त्यसले गर्दा समयसमय सफाइ गर्ने र सीमित प्लास्टिकजन्य सामानमात्र बुकी लैजाने व्यवस्था गर्नुपर्छ ।" सामान्य उचाइबाट एकैपटक चार हजार ३०० मिटरको उचाइसम्म पुग्दा कोही बाटोमा बिरामी हुने त कतिलाई लेकसमेत लाग्ने गरेको छ । यसतर्फ कुनै पनि निकायको ध्यान पुग्नसकेको छैन । प्लास्टिकले पर्यावरण र बुकीपाटनको सुन्दरतालाई कुरुप बनाउन सक्ने काठमाडौँबाट घुम्न आउनुभएका नितेश राजभण्डारीले बताउनुभयो । बुकीपाटन प्राकृतिक सुन्दरताका हिसाबले अत्यधिक राम्रो रहेको भन्दै उहाँले फोहर व्यवस्थापनका लागि सम्बन्धित निकाय र घुम्न जाने पर्यटकले पनि ख्याल गर्नुपर्ने बताउनुभयो । फुर्से देउराली र गर्पाछेडामा धेरै प्लास्टिक फेलापरेको उहाँको भनाइ छ ।

ढोरपाटन सिकार आरक्ष कार्यालयका सूचना अधिकारी पशुपति अधिकारीले समयसमयमा फोहर व्यवस्थापनका लागि कर्मचारी पठाउने गरे पनि प्रभाकारी हुन नसकेको बताउनुभयो । घुम्न आउने पर्यटकले बढी लापरवाही गर्दा फोहर बढेको उहाँको भनाइ छ । सिकार आरक्षले ढोरपाटनका होटल व्यवसायी र विभिन्न सङ्घसंस्थासँग सहकार्य गरेर बेलाबेलामा उपत्यकामा सरसफाइ गरे पनि बुकीपाटनमा पुग्न नसकेको अधिकारीले बताउनुभयो ।

# मालिकाका ठूला आयोजना अधुरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ साउन

मालिका गाउँपालिकाले गत आर्थिक वर्ष २०८१/८२ मा ठेक्कामार्फत सञ्चालन गरेका चारमध्ये तीन वटा आयोजना अधुरा छन् । एउटा आयोजनाको कामनै सुरु नभइ ठेक्का तोडिएको हो ।

छ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित मालिकाको केन्द्र दरवाङबाट मालिका-१ को वडा कार्यालय रहेको निस्कोट जोड्ने सडक स्तरोन्नतिका लागि विसं २०७८ मा ठेक्का सम्झौता भई काम सुरु भएकामा अझै सकिएको छैन् । विसं २०७८ माघ ७ गते जिके/आइएसएसी जेभीसँग ठेक्का सम्झौता भएको आयोजनाको हालसम्मको भौतिक तथा वित्तीय प्रगति ७० प्रतिशत रहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको पूर्वाधार शाखाका प्रमुख दीपक सापकोटाले रु एक करोड २९ लाख भुक्तानी भएको आयोजनाको छैठौँ पटक थपिएको म्याद आगामी पुसमा सकिने जानकारी दिनुभयो । "रु तीन करोड ३१ लाख ९९ हजार नौ सय ९९ लागत अनुमान गरिएको सडक निर्माणका लागि ठेक्का प्रतिस्पर्धामा सबैभन्दा कम कबोलेको कम्पनीसँग सम्झौता भएको थियो", उहाँले भन्नुभयो, "अहिले थपिएको समयभित्र पनि काम नसके कालोसूचीमा राखेर कारबाही प्रक्रिया अघि बढाउने तयारी गरेका छौँ ।" चार वर्ष पुरानो दरवाङ-निस्कोटमात्र नभएर मालिका गाउँपालिकाले गत आवमा ठेक्कामार्फत सञ्चालन गरेका तीन वटा आयोजना अधुरा छन् भने एउटाको काम सुरु नभइ ठेक्का तोडिएको छ। रु एक करोड बजेट विनियोजन भएको निस्कोट-ताराखोला जोड्ने सडक निर्माण गर्न भएको ठेक्का सम्झौतामा वनसम्बन्धी मुद्दा परेपछि तोड्नु परेको गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो ।

"जग्गा खरिदका लागि विनियोजन गरिएको रु एक करोड बजेट पनि दुःख दिने र अल्झाउने नियतले अख्तियारमा परेको मुद्दाका कारण कार्यान्वयन हुन सकेको छैन", उहाँले भन्नुभयो, "मुद्दा मामिला, उजुरीसँगै छनोट भएका ठेकेदारले पनि साथ नदिँदा गतवर्ष पुँजीगत शीर्षकमा विनियोजन भएको रु १८ करोडमध्ये ५२ प्रतिशत मात्र खर्च भएको छ।" गत आर्थिक वर्षमा ओमेन अस्कर निर्माण सेवासँग ठेक्का सम्झौता भएको दुखुवैंशी सिँचाइ आयोजना सम्पन्न भएको छ । रु ४० लाख लागत अनुमान र करसहित रु २८ लाख २९ हजार एक सय ४५ मा ठेक्का सम्झौता भएको उक्त आयोजनाको ९० दशमलव ३६ प्रतिशत खर्च भएको आयोजना कार्यालयले जनाएको छ। मालिका-६ मा रहेको दुखुवैंशी सिँचाइ आयोजनाको मुहानमा बाँध र ४३ मिटर पक्की नहर निर्माण भएको अध्यक्ष गर्बुजाले जानकारी दिनुभयो। उहाँका अनुसार चट्टान निर्माण सेवाले विसं २०८१ माघ २९ गते रु ९८ लाख ३८ हजार दुई सय ९२ मा ठेक्का सम्झौता गरेको मालिका-३ डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माणको रु ३२ लाख ९० हजार दुई सय ४० मात्र खर्च भएको छ । अघिभारा-ताक्से-रुम मोटरबाटो निर्माणका लागि विसं २०८१ पुस २५ गते रु दुई करोड ४८ लाख ८७ हजार छ सय छ मा विके कन्ट्रक्सनसँग सम्झौता भएको आयोजनाको जम्मा रु १७ लाख ६९ हजार दुई सय २० मात्र भुक्तानी भएको छ । सङ्घीय र प्रदेश सरकारको विशेष र समपुरक अनुदानका आयोजना तोकिएको समयमा नसकिँदा गाउँपालिकामा बजेटको दायित्व बढेको अध्यक्ष गर्बुजाले बताउनुभयो ।

# पशुपालक किसानलाई ३१ लाख राहत

**पोखरापत्र संवाददाता**
मानङ, १८ साउन

हिमाली जिल्ला मनाङका पशुपालक किसानलाई वन्यजन्तुले पशु तथा मानवीय क्षति पुऱ्याएबापत रु ३१ लाख ४९ हजार राहत वितरण गरिएको छ । आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका पशुपालक किसानलाई क्षतिपूर्तिस्वरुप उक्त राहत प्रदान गरिएको हो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय (एक्याप) मनाङको क्षेत्राधिकारमा वन्यजन्तुले क्षति पुऱ्याएबापत राहत प्रदान गरिएको जनाएको छ । जिल्लाका ४३ पशुपालक किसानलाई रु ३१ लाख ४९ हजार २९२ राहत प्रदान गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालय (एक्याप)का प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति पुगेका पशुपालक किसानालाई रु १४ हजारदेखि रु तीन लाख ३५ हजारसम्म राहत प्रदान गरिएको प्रमुख भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, "हिउँ चितुवाको आक्रमणबाट पशुधनमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराइएको हो । किसानका याकचौँरी, भेडाच्याङ्ग्रालाई वन्यजन्तुको आक्रमणबाट क्षति पुऱ्याएकाले क्षतिपूर्ति प्रदान गरिएको छ । गत वर्षमा भएका समेत गरी यस वर्ष राहत प्रदान गरिएको छ ।"

हिउँ चितुवाको आक्रमणबाट भ्राकाका पशुपालक किसान मनकुमारी विकको पशुधनमा सबैभन्दा बढी क्षति भएबापत रु तीन लाख ३५ हजार राहत प्रदान गरिएको प्रमुख भुजेलले बताउनुभयो । पशुपालक किसान सुरेश थकालीको हिउँचितुवा र चितुवाको आक्रमणबाट पशुधन क्षति भएबापत रु दुई लाख ३० हजार राहत प्रदान गरिएको छ ।

त्यसैगरी, वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति पुऱ्याएबापत ताचैका शम्भु घलेलाई रु ९७ हजार राहत प्रदान गरिएको छ । हिमाली कालो भालुको आक्रमणबाट घाइते भएका घलेलाई सो रकम राहत प्रदान गरिएको हो । मनाङमा वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति बढ्दै गएको छ । वन्यजन्तुको आक्रमणबाट आव २०८१/८२ मा ८७ पशुधनमा क्षति भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइ संरक्षण कार्यालय (एक्याप)ले जनाएको छ । यस वर्ष वन्यजन्तुको आक्रमणबाट ५८ याकचौँरी, २२ खसीबाख्रा र च्याङ्ग्रा, एउटा घोडा र ६ गाईगोरु मरेका छन् । हिउँचितुवा, चितुवा, भालुलगायतका वन्यजन्तुको आक्रमणबाट यहाँका किसानले पशुधनमा क्षति व्यहोर्नुपरेको छ । गत वर्षको तुलनामा यस वर्ष वन्यजन्तुको आक्रमणबाट याकचौँरी बढी मरेका छन् । आव २०८०/८१ मा याकचौँरी १७, खसीबाख्रा र च्याङ्ग्रा ३७ र एउटा घोडा मरेका थिए । आहारको अभावले वन्यजन्तुले घरपालुवा पशुलाई आक्रमण गर्ने क्रम बढ्दै गएको एक्यापले जनाएको छ । "याकचौँरी खुला आकाशमुनि पाल्ने चलन छ । एउटै किसानले धेरै सङ्ख्यामा याकचौँरीपालन गर्छन् । जसले गर्दा जोगाउन मुस्किल हुने गरेको छ", प्रमुख भुजेलले भन्नुभयो, "याकचौँरीका बाच्छाबाच्छीको सुरक्षाका लागि अहिले भने तारबार लगाएर सुरक्षित बनाइन्छ । तर, ठूला भएका याकचौँरी खुला आकाशमुनि नै राख्ने गरिन्छ । जसले गर्दा वन्यजन्तुको आक्रमणमा पर्ने गरेको अध्ययनले देखाउँछ ।"

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव हिमाली क्षेत्रको खर्कमा परेको छ । यसको प्रभावले तापक्रम वृद्धि भई खर्क माथि माथि सार्नुपरिरहेको छ । खर्कमाथि सरेर पशुको चरनक्षेत्र वनजङ्गलको नजिक हुँदा वन्यजन्तुको आक्रमणमा पर्ने सम्भावना बढेको छ ।" पानीको मुहान भएका क्षेत्रमा घाँसेमैदान (खर्क) हुने भएकाले वन्यजन्तुको आक्रमणको जोखिम कम हुने गरेकामा अहिले परिवर्तन भएको पाइन्छ । पशुपालक किसान एवं याकचौँरी कृषक महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थकालीले भन्नुभयो, "विगतमा पनि वन्यजन्तुबाट आक्रमण हुन्थ्यो । अहिले बढ्दै गएको छ।" पहिला पशु मरे भने क्षतिपूर्ति पाउने प्रावधान थिएन । यसबाट किसान मर्कामा पर्ने गरेका उहाँले बताउनुभयो । पशुधनमा क्षति भए सरकारले किसानलाई प्रोत्साहन र सहयोग पुऱ्याउने उद्देश्यले क्षतिपूर्तिको व्यवस्था गरेको छ । यसले पशुपालक किसानलाई राहत पुगेको अध्यक्ष थकालीले बताउनुभयो ।

# नयाँ पुस्तामा नेवार संस्कृति हस्तान्तरण




**पोखरापत्र संवाददाता**
दमौली, १८ साउन

नेवाः तजिलजी पुच व्यास नगर समितिले नयाँ पुस्तालाई नेवार संस्कृतिका विविध पक्षबारे साक्षात्कार गराएको छ। नेवार संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि समितिले नयाँ पुस्तालाई नेवार समुदायसँग सम्बन्धित विभिन्न संस्कृतिबारे जानकार गराएको हो ।

समितिले नयाँ पुस्ताका केही व्यक्तिलाई तीन महिनासम्म नेवार समुदायको धिमे बाजा, परम्परागत सङ्गीत, नृत्य सिकाएको समितिका अध्यक्ष सन्देशनारायण श्रेष्ठले जानकारी दिनुभयो। नयाँ पुस्ताले नेवार संस्कृति बिर्सदै गएकाले यसको संरक्षणका लागि तीन महिनासम्म प्रशिक्षण सञ्चालन गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "नेवार समुदायको संस्कृति संरक्षण गर्नुपर्छ भनेर लागिपरेका हौ । व्यास नगरपालिकाभित्रका ४० जना युवायुवतीलाई तीन महिनासम्म विभिन्न सीप सिकाएका छौ ।"

सहभागीलाई तजिलजी नाच, धिमे बाजा, लाखे नाच, टाकटुके नाच, कुमारी नृत्य सिकाइएको छ । "पुरानो पुस्ताले अहिलेसम्म संस्कृति संरक्षण गर्दै आउनुभएको छ, अब हाम्रो जिम्मेवारी हो," उहाँले भन्नुभयो, "भाषा, संस्कृति बिर्सन हुँदैन । पुरानो पुस्ताबाट अहिलेको पुस्तामा सीप हस्तान्तरण गर्ने प्रयास गरेका छौ ।" उनीहरुलाई सुदीप श्रेष्ठले प्रशिक्षण दिनुभएको थियो ।

प्रशिक्षणको अन्तिम दिन शनिबार सहभागीहरुले नेवार सांस्कृतिक सम्पदा प्रदर्शन गरेका थिए । कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नेवार समुदायको संस्कृति र परम्पराले हिन्दु धर्मको संरक्षण गरेको बताउनुभयो । नेवार समुदायको मौलिक संस्कृति संरक्षणका लागि व्यास नगरपालिका सधैं तयार रहेको उहाँको भनाइ थियो । नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका पूर्वअध्यक्ष शङ्करनारायण श्रेष्ठले नेवार समुदायको धर्म, संस्कृति र परम्पराले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मान्यता पाएकाले अहिलेका पुस्तालाई संस्कृति हस्तान्तरण गरिनु सकारात्मक रहेको बताउनुभयो । नेपालको चिनारी नै नेवारी भाषाबाट भएकाले सरकारले नेवार संस्कृतिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ थियो ।

# पोखरा आदर्श सेकेण्डरी स्कुलको स्वागत कार्यक्रम

निखिल सापकोटा
पोखरा, १८ साउन

पोखरा महानगरपालिका-१, बगरस्थित पोखरा आदर्श सेकेण्डरी स्कुलले कक्षा ११ मा नवप्रवेश गरेका विद्यार्थीहरूको स्वागतका लागि एक भव्य सांस्कृतिक तथा सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ।

विद्यालय परिसरमा शनिबार आयोजित सो कार्यक्रममा १६ वटा सांस्कृतिक नृत्य र दुई घण्टा लामो कन्सर्ट समेत प्रस्तुत गरियो। उक्त कन्सर्टमा नेपाली लोकगित र पप संगीत प्रस्तुत गरिएको थियो।

विद्यालयका निर्देशक नारायण न्यौपानेले यस कार्यक्रममार्फत आफ्नो स्कुलले सांस्कृतिक चेतना, शैक्षिक प्रतिबद्धता र सामूहिक अभिव्यक्तिको उत्कृष्ट उदाहरण गर्न चाहेको धारणा व्यक्त गरे। कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा त्रिभुवन विश्वविद्यालय सभा सदस्य कमलराज सापकोटाले गरेका थिए। विद्यालयका प्राचार्य फणिन्द्रप्रसाद अधिकारीले कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य




दिँदै विद्यालयको शैक्षिक दृष्टिकोण, मूल्य र अनुशासनबारे विद्यार्थीलाई जानकारी गराएका थिए। कार्यक्रमका दौरान बिहानी सत्र संयोजक कुशल तिमल्सिना र दिवा सत्र संयोजक बलरामसुवेदीलेविद्यार्थीलाईमिहिनेत, सोच र योजना सहित अघि बढे भविष्य उज्यालो हुने स्पष्ट दृष्टिकोण व्यक्त गरे।

कार्यक्रममा सरस्वती पौडेल, भरत गौतम, गोविन्द पौडेल, हरि देवकोटा, अर्जुन श्रेष्ठ, प्रकाश भ्का, ज्योति त्रिपाठी लगायत शिक्षक तथा विद्यालयका पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। विशेष आकर्षणका रूपमा, कक्षा १२ का विद्यार्थीहरूले नेपाली, अंग्रेजी, मगर, गुरुङ, तामांग र नेवारी भाषामा बहुभाषिक स्वागत मन्तव्य राख्दै समावेशी संस्कृतिको प्रतिबिम्ब प्रस्तुत गरे। लोकदोहोरी क्षेत्रका चर्चित गायक राजन कार्कीले सांगीतिक प्रस्तुति दिँदै विद्यार्थीलाई पठन-पाठनमा प्रेरित गराए। विद्यालयले उनलाई नेपाली लोकसंस्कृति र लोकगीतको संरक्षण र प्रवर्धनमा दिएको योगदानप्रति कदर गर्दै औपचारिक अभिनन्दन समेत गरेको थियो। करिव आधा घण्टा शिक्षकद्वय कुशल तिमल्सिना र हरि देवकोटाको सुपरिवेक्षणमा कक्षा १२ विज्ञान संकायका एक दर्जन विद्यार्थीहरुले भजन किर्तनको माहोल सृजना गरेका थिए. त्यसपछि साँझ ४ बजेदेखि ६ बजेसम्म सञ्चालन गरिएको कन्सर्टमा राहुल श्रेष्ठ, सुनिता रोका, साल्मोन सुनार, समिप थापा, शिशिर थापा र सचिन गुरुङले नेपाली पप गीत प्रस्तुत गर्दा विद्यार्थीहरू रमाइलो र उल्लासित मुद्रामा भुमेका थिए। उनीहरुले ९० को दशक का चर्चित गित देखि समकालीन गित गएका थिए।

विद्यालयका निर्देशक नारायण न्यौपानेले कार्यक्रमको औपचारिक सत्र सञ्चालन सँगै कविता वाचन गरेका थिए। उनले भने, "नयाँ शैक्षिक यात्रामा प्रवेश गरेका विद्यार्थीहरूलाई विद्यालयको शैक्षिक, प्रशासनिक तथा अनुशासन प्रणालीबारे अवगत गराउनु र कक्षा १२ का विद्यार्थीहरूबाट भाषिक तथा सांस्कृतिक विविधता प्रस्तुत गर्नु नै यस कार्यक्रमको उद्देश्य हो।"

मनोरञ्जनात्मक सत्रको आकर्षक सञ्चालन कक्षा १२ की विद्यार्थी रश्मि अधिकारी र सुष्मिता बास्तोलाले गरेका थिए। विद्यालयको पहल, विद्यार्थीको प्रस्तुति र कलाकारहरूको सक्रियताले कार्यक्रम सफल र स्मरणीय बनेको सहभागीहरूको धारणा रहेको छ।

# म्याग्दीका करिब नौ सय घरमा विद्युत् सुविधा विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, १८ साउन

म्याग्दीमा पछिल्लो एक वर्षको अवधिमा करिब नौ सय घरपरिवारमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ।

नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा जिल्लाका विभिन्न ठाउँमा आठ सय ७४ उपभोक्ता थपिएका जनाएको छ। केन्द्रका प्रमुख सत्यनारायण गामीले एक वर्षयता मालिका गाउँपालिका-३ पाल्ते, लुप्सीपार, घ्याङलेपानी, वडा नं ४ को चिउरीबोट, धवलागिरि गाउँपालिकाको बुल र मलम्पारमा विद्युतीकरण भएको जानकारी दिनुभयो। उहाँका अनुसार धवलागिरि गाउँपालिका-२ लुलाङ, लमसुङ, खोरिया, मरेनी, वडा नं ५ को मल्कवाङ, मालिका गाउँपालिका-४ को महभिर, ५ को पन्थोक र जुग्जामा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ।

पोल गाड्ने, तार तान्ने र ट्रान्सफर्मर जडान भइसकेका ठाउँका उपभोक्ताले मिटर जडान गरेपछि विद्युतीकरणले पूर्णता पाउने उहाँले बताउनुभयो।

गत वर्ष अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल पुनहिलमा विद्युतीकरण र घोडेपानीको वितरण लाइनको सुधार भएको थियो। एक सय ३२ केभी क्षमताको मिलनचोक-रातोढुङ्गा प्रसारण लाइन र रातोढुङ्गा सबस्टेशनबाट मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा गत वर्षदेखि विद्युत् आपूर्ति गराउन थालिएको छ। उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सिट्ठामा निर्भर स्थानीयवासीमा बिजुली बलेपछि खुसीयाली छाएको धवलागिरि गाउँपालिका-६ का वडाध्यक्ष राजाराम सुवेदीले बताउनुभयो।

घरायसी काम, विद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्ने अवसर सृजना भएको छ। यस वर्ष थपिएका सहित म्याग्दी वितरण केन्द्रअन्तर्गत २३ हजार ८६९ विद्युत्का ग्राहक पुगेका केन्द्रका सूचना अधिकारी प्रकाश भ्काले बताउनुभयो। आव २०८०/८१ मा एक हजार ४३८, २०७९/८० मा एक हजार २३८, २०७८/७९ मा सात सय ७० घरमा नयाँ लाइन जडान भएको प्राधिकरणको तथ्याङ्क छ।

पर्वतको जलजला गाउँपालिकाको मल्लाज, वारीबेनी क्षेत्रमा पनि म्याग्दी वितरण केन्द्रअन्तर्गतको मिलनचोक सबस्टेशनमार्फत विद्युत् वितरण हुँदै आएको छ। म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आव २०८०/८१ देखि रु २२ करोड बजेटको योजना सञ्चालन गरेको छ।

गत आवमा म्याग्दी वितरण केन्द्रमार्फत एक करोड ७३ लाख ९५ हजार ७९७ दशमलव ७१ युनिट विद्युत् खपत हुँदा रु २० करोड ३३ लाख ६३ हजार ३८१ महसुल सङ्कलन भएको छ। समयमा महसुल नबुभाउने एक सय ४५ जना ग्राहकको लाइन काटेर रु १३ लाख ४५ हजार ४०७ बक्यौता असुल गरिएको छ।

साठी दिनसम्म महसुल नतिर्नेको लाइन काट्ने र छ महिनासम्म महसुल नबुभाउनेलाई कालोसूचीमा राखिने प्राधिकरणले जनाएको छ। कालोसूचीमा परेका एक जनाबाट रु ७७ हजार महसुल उठाएको र थप ११ जनाबाट रु दुई लाख ७८ हजार ९०४ उठाउन बाँकी रहेको वितरण केन्द्रका लेखा प्रमुख श्याम रानाले बताउनुभयो।

# डिभिजन वन कार्यालय स्याङ्जाको एक वर्ष

पोखरापत्र संवाददाता
स्याङ्जा, १८ साउन

डिभिजन वन कार्यालय स्याङ्जाले गएको आर्थिक वर्ष २०८१/०८२ मा १ करोड भन्दा बढि राजश्व संकलन गरेको छ। निजी तथा सरकारी वनको काष्ठजन्य पैदावारको बिक्री वितरणबाट वन कार्यालयले १ करोड १४ लाख ९० हजार ७०४ रुपैयाँ राजश्व संकलन भएको हो।

कार्यालयले निजी तथा आवादी वनको १ लाख २५ हजार ३९० दशमलव ४४ क्यूफिट काठ र ९८ चट्टा दाउरा बिक्री गरेर १ करोड १३ लाख ८५ हजार ३०४ रुपैयाँ र सामुदायिक वन तर्फको ५ सय ८६ दशमलव ८४ क्यूफिट खयर जातको काठ बिक्री गरेर १ लाख ५ हजार ४ सय गरी कुल १ करोड १४ लाख ९० हजार ७०४ रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ।

यस अवधिमा वन्यजन्तुको आक्रमणबाट २ सय ९ वटा घटना घटेका छन्। कार्यालयले दिएको जानकारी अनुसार वन्यजन्तुको आक्रमणमा परेर २ सय ५३ पशुधनमा क्षति पुगेको छ भने मानविय क्षतिमा एक जना मानिस घाईते भएका छन्। वन्यजन्तुको आक्रमणबाट पशुधनमा पुगेको क्षतिलाई राहत स्वरुप रकम प्रदान गरिएको डिभिजनल वन अधिकृत नवराज बरालले बताए। 'पशुधन क्षति भएका धनीलाई १४ लाख १४ हजार क्षतिपूर्ति स्वरुप रकम उपलब्ध प्रदान गरेका छौं।' अधिकृत बरालले भने 'यस अवधिमा रतुवा, चितुवा, पंक्षी, मृग र सर्प गरी १५ वटा वन्यजन्तुको उद्दार समेत गरिएको छ।' पुँजीगत कुल बजेट १ करोड ५६ लाख ८६ हजारमा कार्यालयले १ करोड ३४ लाख ६२ हजार खर्च गरेको छ भने चालु खर्चतर्फ ३९ लाख ७० हजार विनियोजित बजेटमा ३० लाख ४२ हजार खर्च गरेको जनाएको छ। पुँजीगत खर्चमा वित्तीय प्रगति ८६ प्रतिशत छ भने चालु तर्फको ७६ दशमलव ६२ प्रतिशत खर्च भएको अधिकृत बरालले जानकारी दिए।

गएको वर्षमा वन कार्यालयले फेदीखोला ४ को कुचेको मुहान, पुतलीबजार १३ को सालघारी र अर्जुनचौपारी २ को बयरा सामुदायिक वनमा 'रिचार्ज' पोखरी निर्माण गरेको छ। पोखरी निर्माणले सुख्खा मौसममा आपतकालिन समस्या समाधानका लागि सहज हुने कार्यालयले भनाई छ।

सोहि अवधिमा डिभिजन कार्यालयले अर्जुनचौपारी १ को गडेरीखोला, वालिङ ५ को सल्लाघारी, भीरकोट ६ मा सुन्दरचौर, पुतलीबजार ११ को घुमाउने चौतारी, भीरकोट ४ मा आँधीखोलामा पार्क निर्माण गरिएको वन अधिकृत सूचना अधिकारी रुक्मागत सुवेदीले बताए। अर्जुनचौपारी ४ को लाकुरी आधारभूत विद्यालय, भीरकोट ७ को खिलुङ कालिका मन्दिर, पुतलीबजार ४ को स्याङ्जा भ्यू प्वाईन्ट, र वालिङ १ को बेलपोखरी थुम्कामा हरित पार्क तथा उद्यान निर्माण गरेको सुवेदीले जनाए। कार्यालयले चापाकोट नगरपालिका ९ मा सुन्तलीटार बगैंचा चौतारो निर्माण, फेदीखोला गाउँपालिका ४ को खरिडाँडा छिस्वापानी सामुदायिक वनको अतिक्रमित जग्गामा घेराबार गरेको छ। यस वर्षमा अतिक्रमित जग्गाको व्यापक खोजि र व्यवस्थापन गरेको कार्यालयले जनाएको छ। जटिबुटी तथा वन पैदावारको पहिचानमा जिल्लामा उपलब्ध जटिबुटीको नमुना प्रर्दशनी गरेको कार्यालयले आँधीखोला गाउँपालिका १ पञ्चमूल जडिबुटी समूहमा ३ हजार टिमुरका बिरुवा रोपण गरेको छ। अर्जुनचौपारी गाउँपालिका ४ रापाकोट, भीरकोट ४ को दबुङ र पुतलीबजार नगरपालिका ७ को मोहरियामा ४ हजार ६५० टिमुरका बिरुवा रोपण गरिएको जनाइएको छ।

गएके वर्ष वन पैदावारको अबैध पैठारीमा ४ मुद्दामा ट्याक्टर, बोलेरो जिप समेत २२ जनालाई नियन्त्रणमा लिएर कानूनी कारबाही गरिएको छ। उनीबाट ४ सय ८२ क्यूफिट साल, १३ सय ९२ क्यूफिट सल्ला, ५१ क्यूफिट समी र अस्ना २ ९ क्यूफिट काठ पक्राउ परेको वन अधिकृत अमर बहादुर पराजुलीले बताए। वन्यजन्तुको अबैध कारोबारमा १ मुद्दामा मृत रतुवा मृग सहित पक्राउ परेका २ जनालाई कारबाही गरेको पराजुलीले जानकारी दिए। कार्यालयले शर्सत अनुदानमा कल्कीफुल, धुपी, गोलमोहर, पारिजात र कपुर प्रजातिका १४ हजार ७ सय बहुवर्षिय बिरुवा उत्पादन गरेको छ। अनुदानको बजेटबाटै टिमुर, अमला, कुरिलो जातका २५ हजार जडिबुटीका बिरुवा उत्पादन गरेको कार्यालयले प्रदेशको कार्यक्रममा निमारो, खयर, पैयु प्रजातीको २८ हजार ५०९ गरी ६८ हजार २० ९ बिरुवा उत्पादन गरेर मागका आधारमा जिल्लाभर वितरण गरेको जनाएको छ। वार्षिक कार्यक्रम अनुसार २ वटा नर्सरीको मर्मत, २ सामुदायिक वनमा समिति गठन र कार्ययोजना तयार गरिएको वन अधिकृत अमर बहादुर पराजुलीले बताए। ४४ वटा सामुदायिक वनको कार्ययोजना नविकरण, ५२३ सामुदायिक वनको प्रतिबेदन तयार गरेको कार्यालयले ३ सामुदायिक वन व्यवस्थापन र २० हेक्टर भन्दा कम क्षेत्रफल भएको ११ समूहको संक्षिप्त कार्ययोजना तयार पारेको कार्यालयले आफ्नो प्रतिवेदन मार्फत जानकारी दिएको छ।

# प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, १८ साउन

प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारी सृजनामा आधारित भएर विभिन्न आयोजना निर्माणमा सहयोग पुगेको छ। विशेषगरी हराउने अवस्थामा पुगेको चौतारा, पदमार्ग, सिँढी बाटो, नाला सरसफाइ र वडा कार्यालयमा हरियाली प्रवर्द्धनमा यस कार्यक्रमले सहज बनाएको छ।

आर्थिक वर्ष २०८१/८२ मा यस कार्यक्रमबाट ६ चौतारी, चार पदमार्ग, दुई सिँढीबाटो निर्माण तथा सरसफाइ गरिएको व्यास नगरपालिका प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार सेवा केन्द्रका संयोजक सुजता थापाले जानकारी दिनुभयो। यस वर्ष श्रमिकको सहयोगमा व्यास-६ स्थित नारेश्वर चौतारा, फूलबारी चौतारी निर्माण, व्यास-१३ स्थित बेनीकोट भञ्ज्याङ चौतारा, आसापानी चौतारी तथा व्यास-१४ स्थित ढाक्रेश्वरा समीचौतारा निर्माण गरिएको उहाँले बताउनुभयो। त्यसैगरी व्यास-११ स्थित ठाडोपाखा पदमार्ग, ठाडोपाखा पदमार्ग निर्माण, व्यास-१४ स्थित चिसापानी पदमार्ग र तिपिलिडिङ पदमार्ग निर्माण गरिएको छ। व्यास-९ स्थित सिम्ले ठूलो पर्धेरोबाट कात्तिकेचौर हेल्थपोष्ट जाने सिँढीबाटो समेत निर्माण गरिएको संयोजक थापाले बताउनुभयो। व्यास-१३ स्थित बेनीकोट खतरा चोक सिँढीबाटो पनि निर्माण गरिएको छ।

रु दुई लाखमा नारेश्वर चौतारा निर्माण, रु तीन लाखमा फूलबारी चौतारी निर्माण, माहेन्द्री ग्रामीण मार्गको नाला सरसफाइ र वडा कार्यालयमा हरियाली प्रवर्द्धन गरिएको छ। रु दुई लाखमा सिम्ले ठूलो पर्धेरोबाट कात्तिकेचौर हेल्थपोष्ट जाने सिँढीबाटो निर्माण गरिएको छ। रु पाँच लाखमा ठाडोपाखा पदमार्ग निर्माण योजना सम्पन्न गरेको छ।

रु तीन लाख ५८ हजारमा ठाडोपाखा पदमार्ग निर्माण गरेको संयोजक थापाले बताउनुभयो। यस्तै रु पाँच लाखमा बेनीकोट भञ्ज्याङ चौतारा जनजागृति मावि सरसफाइ र घर्ती चौतारी निर्माण, रु तीन लाखमा आसापानी चौतारी निर्माण र बेनीकोट खतरा चोक सिँढीबाटो निर्माण, रु पाँच लाखमा ढाक्रेश्वरा समीचौतारा, चिसापानी पदमार्ग र रु दुई लाखमा तिपिलिडिङ पदमार्ग निर्माण गरिएको उहाँले जानकारी दिनुभयो। रोजगारी शीर्षकबाट कार्यस्थलमा आधारित सीप क्षमता विकास तालिम र जीवनोपयोगी सीप तालिम ४० जनालाई ५० दिने तालिम प्रदान गरिएको संयोजक थापाले बताउनुभयो।

आर्थिक वर्ष २०८०/८१ मा सिँढी बाटो, चौतारा, नाला तथा पार्क सरसफाइ, गोरेटो बाटो निर्माणकार्यका लागि कुल रु २६ लाख ७२ हजार विनियोजित बजेटमध्ये रु २४ लाख ९० हजार खर्च भएको छ। ज्यालाका आधारमा रोजगारी सृजनामा आधारित रोजगार आयोजना सञ्चालन गरिँदै आएका छन्।

# पश्चिमाञ्चल माविमा स्वागत र अभिमूखिकरण

पोखरापत्र संवाददाता
तनहुँ, १८ साउन

पोखरा, साउन १७

पोखराको गैह्रापाटनस्थित पश्चिमाञ्चल माविले माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेर कक्षा ११ मा भर्ना भएका विद्यार्थीका लागि शनिवार स्वागत तथा अभिमूखिकरण कार्यक्रम आयोजना गरेको छ।

विद्यालयमा कक्षा १२ का विद्यार्थीको संयोजनमा भएको कार्यक्रममा डा. आरसी लामिछानेले विद्यार्थीका लागि उत्प्रेरणमुलक मन्तव्य पस्केका थिए। विद्यार्थीलाई आत्मबल बलियो बनाएर अध्ययन गरेमा हरेक क्षेत्रमा सफल भईने लामिछानेले बताए। पश्चिमाञ्चल फाउण्डेसनका अध्यक्ष प्राडा




रामनाथ ओफाले नवआगन्तुक विद्यार्थीलाई स्वागत गर्दै आत्मविश्वासका साथ अघि बढेको खण्डमा हरेक क्षेत्रमा सफल भईने बताए। उनले विद्यार्थीको सपना पुरा गर्नका लागि विद्यालय सधैं लागिपर्ने बताए। विद्यालयका प्राचार्य सरोज कोइरालाले विद्यार्थीलाई सुझाउँदै उकालो लाग्दा नआत्तिन र ओरालो पाउँदा नदौड्न विद्यार्थीलाई सुझाव दिए। 'विद्यार्थी सहज हुँदा दौड्ने र अप्ठेरो हुँदा आत्तिने गर्छन।

त्यसो गर्दा असफल हुन पनि सकिन्छ। त्यसैले आत्तिन र मात्तिनु हुँदैन,' कोइरालाले भने, 'हरेक कदमलाई सकारात्मक रुपमा लिने हो भने सफल भईन्छ।' विद्यालयका प्लस टु इन्चार्ज देव क्षेत्रीले विद्यार्थीका लागि कक्षा ११ र १२ पुल मात्र भएको बताए। उनले विद्यालय तहमा २ वर्ष अवधि अध्ययनरत रहँदा केही नयाँ सिकाई पक्का हुने बताए। 'विद्यार्थी आफैमा लगाव चाहिन्छ। हामीले त गाइड मात्र गर्ने हो। मेहनत विद्यार्थीले नै गर्नुपर्छ,' क्षेत्रीले भने।

उक्त कार्यक्रममा कलाकार चोलेन्द्र पौडेलले सांस्कृतिक कार्यक्रम पस्केका थिए। उनले विद्यार्थीलाई अप्ठेरो परेको अवस्थमा भने धैर्य गुमाउन नहुने बताए। त्यसबाहेक विद्यार्थी स्वयंले पनि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पस्केका थिए। पश्चिमाञ्चल माविमा विज्ञान, मानविकी, व्यवस्थापन, होटल व्यवस्थापन, कानुन विषयमा अध्यापन हुन्छ।


## बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८२/०४/१९

**यस गैरी भञ्ज्याङ काफल डाँडा सामुदायिक वनबाट उत्पादन भई पोखरा-३३, डाँडागाउँ घाटगट्टीमा एउटा मात्र लट बनाई राखिएको साल प्रजातिको ३२४.२३ क्यू.फिट काठ र २०'× ५'× ५' साईजको दाउरा ४ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको मितिले १५ (पन्ध्र) दिनभित्र डिभिजन वन कार्यालयमा सुचिकृत इच्छुक काष्ठ व्यवसायी, संघ संस्था, फर्म वा कम्पनी (भ्याटमा दर्ता रहेको) लाई सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।**

**केशव राज आचार्य**
**अध्यक्ष**
**गैरी भञ्ज्याङ काफल डाँडा सामुदायिक वन उपभोक्ता समूह**
**पोखरा महानगरपालिका वडा नं. ३३, डाँडागाउँ, कास्की।**